संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ३० र ३१

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल असार ९ गते बिहीबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री समिना हुसेन
२. मा० श्री लक्ष्मी कुमारी चौधरी
३. मा० श्री लक्ष्मी परियार
४. मा० श्री लाल प्रसाद साँवा लिम्बु
५. मा० श्री लालबाबु पण्डित
६. मा० श्री विना कुमारी श्रेष्ठ
७. मा० श्री विना देवी बुढाथोकी
८. मा० श्री विन्दा पाण्डे
९. मा० श्री विमला विश्वकर्मा
१०. मा० श्री विशाल भट्टराई
११. मा० श्री शान्तिमाया तामाङ पाख्रिन
१२. मा० श्री सत्य पहाडी
१३. मा० श्री सरिता कुमारी गिरी
१४. मा० श्री सरिता न्यौपाने
१५. मा० श्री सरवत आरा खानम
१६. मा० श्री सिताराम महतो
१७. मा० श्री सुजाता परियार
१८. मा० श्री सूर्य नारायण यादव
१९. मा० श्री सञ्जय कुमार गौतम
२०. मा० श्री हिरा गुरुङ्ग

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री शेरबहादुर तामाङ
२. मा० डा० डिला सँग्रौला (पंत)
३. मा० श्री शक्तिबहादुर बस्नेत
४. मा० श्री सरला कुमारी यादव
५. मा० श्री लीला देवी सिटौला
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री पोल्देन छोपाङ गुरुङ्ग
८. मा० श्री सुवर्ण ज्वारचन
९. मा० श्री गजेन्द्र बहादुर महत
१०. मा० श्री कलिला खातुन
११. मा० डा० सूर्य प्रसाद पाठक
१२. मा० श्री प्रमोद कुमार यादव
१३. मा० श्री गंगा चौधरी (सत्गौवा)
१४. मा० श्री नवराज सिलवाल

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)ले "राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन आ.व. २०७७ - २०७८" पेश गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला)लाई राष्ट्रिय सभामा उत्पत्ति भएको "नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभएपछि मा० श्री बिमला वि.क.ले नियमापत्ति गनुहुँदै आजको कार्यसूचीमा रहेको नीति अनुसन्धान प्रतिष्ठान विधेयक र लोक सेवा विधेयक आफुले नपाएको र पिजन होलमा समेत नभएकोले त्यस सम्बन्धी कागजात प्राप्त नगरी उक्त विधेयकहरुमाथि छलफल गर्न नसकिने भएकोले कार्यसूचीबाट हटाइयोस् भनी माग गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० सदस्यको भनाई माथि ध्यानाकर्षण भएको भन्नुहुँदै आजको कार्यसूचीमा रहेको क्रमसंख्या २ (क) को कार्यक्रम हटाइएको व्यहोरा जानकारी गराउनु हुँदै कार्यसूचीको २ (ख) मा रहेको लोक सेवा आयोग विधेयक सम्बन्धी कार्यक्रमको राष्ट्रिय सभाबाट प्राप्त संशोधन वितरण भैसकेको भन्नुहुँदा पनि ने.क.पा. (एमाले)का मा० सदस्यहरुले आपत्ति जनाउनु भएपछि सम्माननीय सभामुखले कार्यसूचीमा रहेको क्रमसंख्या २ (ख) को कार्यक्रम पनि कार्यसूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त मा० वन तथा वातावरण मन्त्री श्री रामसहाय प्रसाद यादवले “ग्लोबल ग्रिन ग्रोथ इस्टिच्युट **(Global Green Growth Institute)** को सहभागितामूलक सदस्य **(Participating Member)** का रुपमा सदस्यता प्राप्त गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धी सम्झौता” प्रस्तुत गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक आजै दिनको ३:४० बजे बस्नेगरी आजको बैठक दिनको ३:०० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ३:४५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० गृह मन्त्री श्री बालकृष्ण खांणले “नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल असार १२ गते आइतबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको ३:५० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव